Nepali/नेपाली

# मतदाता नामावलि दर्ता तथा मतदान निर्देशिका

१८ बर्ष वा सो भन्दा बढी उमेर पुगेका अष्ट्रेलियन नागरिकहरुलाई संघिय निर्वाचनमा मतदान गर्नकालागी नाम दर्ता गर्ने जिम्मेवारि र निर्वाचनमा मतदान गर्ने अधिकार हुन्छ। मतदान गर्नकालागी नाम दर्ता र निर्वाचनमा मतदान दुवै अनिवार्य छ। यदी मतदान नगर्ने हो भने, जरिवाना लाग्न सक्छ।

## हामीले कसरी सहयोग गर्छौं?

अष्ट्रेलियन इलेक्टोरल कमिसनले कमनवेल्थ मतदाता नामावलि दुरुस्त राख्ने र संघिय निर्वाचन, उप निर्वाचन तथा जनमत संग्रह गराउछ।

अष्ट्रेलियन इलेक्टोरल कमिसनले राज्य, क्षेत्र वा स्थानिय सरकारको निर्वाचन गराउदैन। यि निर्वाचनहरु अन्य निर्वाचन निकायहरुले गराउछन्।

## नाम दर्ता

मतदान गर्नकालागी, तपाईको नाम मतदाता नामावलिमा हुनुपर्ने छ। मतदाता नामावलि भनेको संघिय निर्वाचन तथा जनमत संग्रहमा मतदान गर्ने योग्यता पुगेका नागरिकहरुको सुचि हो।

**के म मतदाता नामावलिमा दर्ता हुन सक्छु?**
मतदाता नामावलिमा दर्ता हुनैपर्ने कानुनि प्रावधानहरु:

- यदि तपाई १८ बर्ष वा सो भन्दा बढी उमेर पुगेको
- अष्ट्रेलियन नागरिक हुनुहुन्छ र
- हालको ठेगानामा कम्तिमा १ महीनादेखि बसोबास गरिरहेको भएमा।

यदि तपाई १६ वा १७ बर्षको हुनुहुन्छ भने, तपाई अहिलेनै मतदाता नामावलिमा दर्ता हुन सक्नुहुन्छ ताकि तपाई १८ वर्ष पुग्ने बित्तिकै मतदान गर्नकालागी योग्य हुनुहनेछ।

**मतदाता नामावलिमा नाम दर्ता कसरि गर्ने?**
तपाइलेwww.aec.gov.au/enrol मा गएर नाम दर्ता गर्न सक्नुहुन्छ।

मतदाता नामावलिमा दर्ता हुनकालागि कुनैपनि अष्ट्रेलियन इलेक्टोरल कमिसनको कार्यलमा गएर गर्न वा अष्ट्रेलिया पोष्ट आउटलेट बाट आवदेन पत्र प्राप्त गर्न सकिन्छ।

**नामावलिमा नाम दर्ता भए नभएको जानकारी कसरि प्राप्त गर्ने?**
तपाईको नाम नामावलिमा दर्ता भए नभएको हेर्नकालागि यो लिंकमा जानुहोस www.aec.gov.au/check.

**नाम वा ठेगाना परिवर्तन भएको अवस्थामा के गर्ने?**
प्रत्यक पटक ठेगाना परिवर्तन गर्दा वा नाम परिवर्तन गर्दा आफ्नो सम्पूर्ण परिवर्तित विवरण मतदाता नामावलि दर्ता विवरणमा फेर्नु पर्छ। तपाईले आफ्नो विवरण www.aec.gov.au मा गएर परिवर्तन गर्न सक्नुहुन्छ। तपाईले कुनैपनि अष्ट्रेलियन इलेक्टोरल कमिसनको कार्यालयमा गएर गर्न वा अष्ट्रेलिया पोष्ट आउटलेट बाट आवदेन पत्र प्राप्त गरि आफ्नो विवरण परिवर्तन गर्न सक्नुहुन्छ।

**देश वाहिर भएको अवस्थामा के गर्ने?**
यदि तपाई अध्यन वा बसाइकालागि देश वाहिर भएको अवस्थामा तपाईले अष्ट्रेलियन इलेक्टोरल कमिसनलाई जानकारी गराउनु पर्दछ। यदि तपाई देश वाहिर भएको अवस्थामा संघिय निर्वाचन वा जनमत संग्रह घोषणा भएको अवस्थामा पनि तपाईले अष्ट्रेलियन इलेक्टोरल कमिसनलाई जानकारी गराउनु पर्दछ।

यदि तपाईले अष्ट्रेलियन इलेक्टोरल कमिसनलाई जानकारी गराउनु भएनभने तपाईको नाम मतदाता नामावलिबाट हटाईन सक्छ र तपाई आगामि निर्वाचनहरुमा मतदानबाट वन्चित हुनुहुनेछ।

थप जानकारी यहा उपलव्ध छ www.aec.gov.au/overseas.


## मतदान

संघिय निर्वाचन प्रत्येक ३ वर्षमा एकपटक हुने गर्छ र यो सधै शनिवारका दिन पर्छ। कहा र कतिवेला मतदान गर्ने भन्ने कुरा तपाई मतदानका दिन कहा हुनुहुन्छ भन्ने कुराले निर्धारण गर्छ।

**मतदानको दिन**
तपाईले आफ्नो राज्य वा क्षेत्रको कुनैपनि मतदान केन्द्रबाट मतदान गर्न सक्नुहुन्छ। मतदान केन्द्र विहान ठिक 8 बजे देखि बेलुका ठिक 6 बजे सम्म खुल्ला रहन्छ।

यदि तपाई अन्य राज्य वा क्षेत्रमा हुनुहुन्छ र मतदान गर्नुभएको छैन भने, तपाईले अन्तर राज्य मतदान केन्द्रबाट मतदान गर्नुपर्नेछ।

मतदान स्थान तथा अन्तर राज्य मतदान केन्द्रहरुको सुचि निर्वाचनको दिनभन्दा केहि साता अगावै यहा उपलव्ध हुन्छ www.aec.gov.au
मतदाका दिनमा यदि तपाई मतदान स्थलसम्म पुग्न सक्नुहुन्न भने, तपाईले निर्वाचनको दिन भन्दा अगावै मतदान गर्न सक्नुहुन्छ।



नमुना मतपत्रहरु

**अन्य विकल्पहरु**

तपाईले निर्वाचनको दिन भन्दा अगावै आफै उपस्थित भएर वा हुलाक मार्फत मतदान गर्न सक्नुहुन्छ,यदि तपाई निर्वाचनको दिन:

- तपाई आफ्नो नाम दर्ता भएको मतदान केन्द्रभन्दा बहिर भएमा
- तपाई मतदान स्थल भन्दा ८ किलोमिटर पर भएमा
- तपाई यात्रा गर्दै भएमा
- तपाईले मतदान गर्नका लागि आफ्नो कार्यस्थल छोडेर जान नमिल्ने भएमा
- तपाई गम्भिर रुपमा विमार भएमा, शारीरिक तथा मानसिक रुपमा कम्जोर भएमा, तुरुन्तै वच्चा जन्माउने अवस्था भएमा वा तुरुन्तै वच्चा जन्माउने अवस्थामा भएको ब्यक्तिको हेरचाह गर्दै भएमा
- तपाई अस्पतालमा भर्ना भएको र अस्पतालमा मतदान गर्न मिल्ने अवस्था नभएमा
- तपाईको धार्मिक आस्थाका कारणले तपाईलाई मतदान हुने स्थानमा जान नमिल्ने भएमा
- ३ वर्ष भन्दा कम अवधिको झ्यालखानाको सजाय काट्दै गरेको वा वन्दी जिवन विताईरहेको भएमा
- तपाई गोप्य मतदाता भएमा
- तपाईलाई आफ्नो सुरक्षाको चिन्ता भएमा

पूर्व मतदानकेन्द्रहरु हप्तौ पहिला देखि मतदानका दिनसम्म खुल्ला रहन्छन्। पूर्व मतदानकेन्द्र स्थल तथा स्थल खुल्ने समयका बारेमा जानकारी यहा उपलब्ध छ www.aec.gov.au

हुलाकमार्फत मतदान गर्नकालागि अनलाइन आवेदन दिन वा अष्ट्रेलियन इलेक्टोरल कमिसनवाट आवेदन पत्र प्राप्त गर्न सकिन्छ। उमेदवारहरुको छनौटभेसकेपछि अष्ट्रेलियन इलेक्टोरल कमिसनले हुलाकमार्फत गरिने मतदानका चाहिने सामाग्री उपलब्ध गराउछ।

## मत सदर हुनकालागि

संघिय निर्वाचनमा, तपाईले अष्ट्रेलियन संसदको दुई सदन प्रतिनिधि सभा र सिनेटका लागि आफ्ना प्रतिनिधिहरु छनौटकालागि मतदान गर्नुहुनेछ।

तपाईले दुईओटा मतपत्र प्राप्त गर्नुहुनेछ:

- हरियो मतपत्र तपाईको स्थानिय (वा निर्वाचन क्षेत्र) प्रतिनिधित्वगर्नेप्रतिनिधि सभा सदस्यका छनौटका लागि, र
- सेतो मतपत्र तपाईको राज्य वा क्षेत्रको सिनेटमा प्रतिनिधित्वगर्नेसदस्य छनौटकाकालागि हुनेछ।

मतदान कसरि गर्ने भन्ने जानकारी मतपत्रमै छापिएको हुन्छ। तपाईले मतदानगर्दा बिगार्नुभएमा वा के गर्ने भन्ने थाह नभएमा मतदान अधिकारि संग सोध्नुहोस्।

## थप जानकारी चाहनुहुन्छ?

मतदान प्रणालि, नाम दर्ता तथा मतदानका बारेमा थप जानकारी www.aec.gov.au बाट प्राप्त गर्न सक्नुहुन्छ।

टेलिफोन अनुवादनको सुविधाहरु उपलब्ध छन्। नाम दर्ता, मतदान तथा निर्वाचनका बारेमा नेपाली भाषामा जानकारीकालागि 1300 720 153 नम्बरमा कल गर्नुहोस्।

यदि तपाई कान नसुन्ने हुनुन्छ वा कान सुन्न वा वोल्नमा समस्या भएमा नेश्नल रिले सर्भिस (एन आर एस) मार्फत हामिलाई सम्पर्क गर्न सक्नुहुन्छ।

- टी टी वाई प्रयोगकर्ताहरुले 13 36 77 डायल गरि 13 23 26 एक्स्टेन्सनकालागि अनुरोध गर्नुहोस्।
- बोल्ने र सुन्ने प्रयोगकर्ताहरुले 1300 555 727 मा सम्पर्क गरि 13 23 26 कोट गर्नुहोस्।
- इन्टरनेट रिले प्रयोगकर्ताहरुले एन आर एस मा सम्पर्क गर्नुहोस त्यसपछि 13 23 26 को लागि अनुरोध गर्नुहोस्।



Authorised by the Electoral Commissioner, Canberra.